पूर्वाञ्चल विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल

आ. व.: ।२०७८/०७६ मितिः २०७६।०३।०५

श्री क्याम्पस प्रमुखज्यू,

**BE (Civil/Computer/E&C/Electrical/Geomatic/Biomedical), B. Arch.** अध्यापनहुने सम्पूर्ण क्याम्पस/कलेजहरू ।

## विषयः- परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।

पूर्वाञ्चल विश्वविद्यालयद्वारा इञ्जिनियरिङ्ग संकाय अन्तर्गत २०७६ सालमा सञ्चालन गरिने **BE (Civil/ Computer / E&C / Electrical / Geomatic / Biomedical), B. Arch.** शैक्षिक कार्यक्रमहरूको आठौं सेमेष्टरमा अनुत्तिर्ण भएका विद्यार्थीहरूको आंशिक**(Back)** परीक्षाका लागि परीक्षा आवेदन फाराम मिति २०७६।०३।२० गतेसम्म भराई मिति २०७६।०३।२१ गतेसम्म बैंक भौचर जम्मा गरी मिति २०७६।०३।२३ गतेभित्र परीक्षा आवेदन फाराम र नियमानुसारको परीक्षा शुल्क नविल बैंक स्थित यस कार्यालयको **CALL A/C 00710017518402** मा जम्मा गरी सो को सक्कलै भौचर यस पू. वि. परीक्षा व्यवस्थापन कार्यालय, पूष्पलाल चौक, विराटनगरमा सम्बन्धित क्याम्पस/कलेज/स्कूल को प्रतिनिधि मार्फत उपलब्ध गराई दिनु हुन जानकारी गराइएको छ । तोकिएको मितिपछि प्राप्त भएका परीक्षा आवेदन फाराम उपर कुनै कारवाही नगरी सोझै फिर्ता पठाईने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

परीक्षा आवेदन फाराम पठाउँदा फारामलाई अंग्रेजी वर्णानुक्रम (Ascending Order) मा मिलाई फाइलिङ्ग गरी परीक्षार्थी तथा शुल्कको विवरण राखी पठाउनु पर्नेछ । यस प्रकार फाइलिङ्ग नगरी सोझै खाममा राखी पठाइएमा तथा परीक्षा शुल्क प्राप्त नभएमा परीक्षा आवेदन फाराम फिर्ता पठाइने छ ।

| क्र.सं. | विवरण | परीक्षा शुल्क |
|---|---|---|
| १. | आंशिक १ विषय | रू.५००।- प्रति विद्यार्थी |
| २. | आंशिक २ विषय | रू.८००।- प्रति विद्यार्थी |
| ३. | आंशिक २ भन्दा बढी विषय | रू.१,१००।- प्रति विद्यार्थी |
| ४. | विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिनभित्र) | रू.१,०००।- प्रति विद्यार्थी |
| ५. | विलम्ब शुल्क (परीक्षा शुरू हुनुभन्दा १० दिन अगाडिसम्म) | रू.२,०००।- प्रति विद्यार्थी |
| ६. | विलम्ब शुल्क (परीक्षा शुरू हुनुभन्दा ५ दिन अगाडिसम्म) | रू.३,०००।- प्रति विद्यार्थी |

सह-परीक्षा नियन्त्रक

**नोटः** १) क्र.सं. ४ र ५ वमोजिम उपरोक्त वमोजिमको शैक्षिक कार्यक्रम अनुसार पहिलो दिन शुरूहुने परीक्षालाई शुरू भएको दिन मानिनेछ ।

२) सम्पूर्ण क्याम्पस/कलेज/स्कूलहरूले पू. वि. परीक्षा व्यवस्थापन कार्यालय, पूष्पलाल चौक, विराटनगरमा सम्बन्धित क्याम्पस/कलेजका प्रतिनिधि मार्फत परीक्षा आवेदन फारामहरू बुझाउनु हुन जानकारी गराइन्छ । अन्य कुनै पनि माध्यमद्वारा पठाइएका परीक्षा आवेदन फारामहरू स्वीकृत नगरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।